# आलु उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८०

(मन्त्रीस्तरबाट स्वीकृत मितिः २०८०/०५/१८)

**प्रस्तावनाः** गण्डकी प्रदेशमा उन्नत प्रविधि प्रयोग मार्फत खायन आलु तथा प्रशोधनयोग्य आलु प्रवर्धन गरी आलुको आयात प्रतिस्थापन, बीउ आलुमा आत्मनिर्भरता तथा आलु खेतीलाई उद्योगसँग जोड्दै व्यावसायीकरणमा टेवा पुऱ्याउने उद्देश्यले आलु उत्पादन प्रवर्धन सम्बन्धी आयोजना तथा कार्यक्रमहरू सञ्चालन गर्नका लागि "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

**१. प्राविधिक पक्षः**

(क) यस मापदण्ड बमोजिम समुदायस्तरमा प्रविधियुक्त कृषि उत्पादन प्रवर्धन आयोजना अन्तर्गतका देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन हुनेछन्।

(अ) समुदायस्तरमा प्रशोधनयोग्य आलु प्रवर्धन सम्बन्धी कार्यक्रम (स्मार्ट प्रविधियुक्त),

(आ) खायन आलु उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रम।

(ख) कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड देहाय बमोजिम हुनेछ।

| क्र.सं. | कार्यक्रमको नाम | न्यूनतम क्षेत्रफल | सञ्चालन प्रक्रिया |
|---|---|---|---|
| १. | समुदायस्तरमा प्रशोधनयोग्य आलु प्रवर्धन सम्बन्धी कार्यक्रम (स्मार्ट प्रविधियुक्त) | ३० रोपनी | कम्तीमा १० घरधुरी संलग्न तथा लाभान्वित हुने गरी कृषक समूह वा सहकारी संस्था मार्फत क्लष्टरमा कार्यक्रम सञ्चालन हुने |
| २. | खायन आलु उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रम | ३० रोपनी | कम्तीमा १० घरधुरी संलग्न तथा लाभान्वित हुने गरी कृषक समूह वा सहकारी संस्था मार्फत क्लष्टरमा कार्यक्रम सञ्चालन हुने |

(ग) समुदायस्तरमा प्रशोधनयोग्य आलु प्रवर्धन सम्बन्धी कार्यक्रम र खायन आलु उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रम अन्तर्गत समुदायस्तरमा सञ्चालन हुने क्रियाकलापहरु देहाय बमोजिम हुनेछन्।

| क्र.सं. | क्रियाकलाप | सञ्चालन प्रक्रिया |
|---|---|---|
| १. | बीउ विजन, प्राङ्गारिक मल तथा खाद्य तत्व, यन्त्र उपकरण तथा मेसिनरी औजार सहयोग | कार्यक्रम सञ्चालन गर्ने कार्यालयको प्राविधिक सिफारिस बमोजिम व्यवस्थापन गर्नुपर्नेछ। |
| २. | सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार | सिँचाइ व्यवस्थापन हुने गरी सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार, बोरिङ, लिफ्टिङ, पाइप आदिको व्यवस्थापन गर्न सकिनेछ। |

| | | |
|---|---|---|
| ३. | संकलन केन्द्र निर्माण, भण्डार गृह निर्माण, प्रशोधन केन्द्र निर्माण | आलु संकलन, भण्डारण र प्रशोधनको लागि पूर्वाधार निर्माण गर्न सकिनेछ। |
| ४. | बजार प्रवर्धन सहयोग | आलुको ब्रान्डिङ, लेबलिङ, प्याकेजिङ गरी बजारीकरण गर्न सहयोग तथा सहजीकरण गर्न सकिनेछ। |
| ५. | उत्पादनमा आधारित प्रोत्साहन सहयोग | बाली कटानी गरी उत्पादन अनुमान गर्ने र अनुमानित कुल उत्पादनलाई दृष्टिगत गरी औपचारिक रुपमा बिक्री वितरण गरिएको वा आफैंले प्रशोधन गर्ने आलु/बीउ आलुको खुद तौल यकिन गरेर खुद तौलको आधारमा मात्र कृषक समूह वा सहकारी संस्थामार्फत उत्पादनमा आधारित प्रोत्साहन सहयोग उपलब्ध गराउन सकिनेछ। |
| ६. | कृषक क्षमता अभिवृद्धि तालिम | कार्यक्रम सञ्चालन गर्ने कार्यालयले कार्यक्रम सञ्चालन हुने समुदायमा प्रचलित खर्चको मापदण्ड बमोजिम स्थलगत कृषक क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्नुपर्नेछ। |
| ७. | आकस्मिक/अभियानमूलक बाली संरक्षण कार्यक्रम | कार्यक्रम सञ्चालन गर्ने कार्यालयले प्राविधिक परिचालन गरी समस्या पहिचान गर्ने तथा रोगकिराको प्रक्षेपण गर्ने र सोको उपयुक्त व्यवस्थापनको लागि आवश्यक पर्ने सामग्री (औजार उपकरण, विषादी लगायत) उपलब्ध गराउन सक्नेछ। |
| ८. | आलु खेती सम्बन्धी प्रविधि प्रदर्शन | कार्यक्रम सञ्चालन गर्ने कार्यालयले नै उपयुक्त स्थान पहिचान गरी सञ्चालन गर्ने। |

(घ) समुदायस्तरमा प्रशोधनयोग्य आलु प्रवर्धन सम्बन्धी कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले प्रस्ताव पेश गर्दा आलुको प्रशोधन तथा मूल्य अभिवृद्धिको प्रारम्भिक योजना समेत पेश गर्नुपर्नेछ। कार्यालयले अनुदानग्राही छनोट गरिसकेपछि आफैंले आलु प्रशोधन गर्नेको हकमा सो को विस्तृत योजना र प्रशोधनयोग्य आलु अन्य उद्योगलाई प्रशोधनका लागि बिक्री गर्नेको हकमा सम्बन्धित उद्योग/व्यावसायीलाई आलु बिक्री गर्ने गरी भएको सम्झौता पत्र पेश गरे पश्चात मात्र कार्यक्रम सञ्चालनको लागि कार्यालयले अनुदानग्राहीसँग सम्झौता गर्नुपर्नेछ। कृषक समूह/सहकारी संस्था र उद्योग/व्यावसायीबीच सम्बन्धित स्थानीय तह र कृषि ज्ञान केन्द्रको रोहबरमा सम्झौता भएको हुनुपर्नेछ।

(ङ) यस मापदण्ड बमोजिम कार्यक्रम सञ्चालन गर्दा कृषि ज्ञान केन्द्रले आलु खेती हुने जग्गामा अन्य सिजनमा खेती गरिने बाली समेत पहिचान गरी वार्षिक बाली पात्रो बनाई कृषकलाई उपलब्ध गराउनुपर्नेछ। कृषि ज्ञान केन्द्रले सिफारिस गरेका बाली तथा प्रविधिको अबलम्बन गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

(च) कृषि ज्ञान केन्द्रले उल्लिखित कार्यक्रमहरु सञ्चालन गर्दा स्वीकृत बजेटको परिधिभित्र रही एक जिल्लामा एक जना कृषि प्राविधिक नियुक्ति गरी नियमित प्राविधिक पृष्ठपोषण हुने र तथ्याङ्क संकलन तथा प्रोफाइल तयार गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(छ) यस मापदण्ड बमोजिम भण्डार गृह निर्माण वा प्रशोधन केन्द्र निर्माण गर्नुपर्ने भएमा मन्त्रालयको स्वीकृति लिएर मात्र निर्माण गर्नुपर्नेछ।

(ज) यस मापदण्ड बमोजिम कार्यक्रम सञ्चालन गर्दा आगामी आ.व. मा बीउ आलुमा जिल्लास्तरमा आत्मनिर्भर उन्मुख हुने गरी बीउ उत्पादन सम्बन्धी कार्यलाई समेत प्राथमिकतासाथ सञ्चालन गर्नुपर्नेछ।

(झ) प्रदेश सरकारले आलुको समर्थन मूल्य निर्धारण गरी कार्यान्वयन विधि तय गरेको खण्डमा यस मापदण्ड बमोजिम सञ्चालन हुने कार्यक्रमबाट तोकिएको विधि अनुरुप सहुलियत उपलब्ध गराई कृषकको न्यूनतम मुनाफा सुनिश्चित गर्न सकिनेछ।

**२. आर्थिक पक्षः**

(क) स्वीकृत लक्ष्य तथा बजेटको परिधिभित्र रही देहायका क्रियाकलापका लागि देहाय बमोजिम अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

| क्र.सं. | क्रियाकलाप नाम | अनुदानको सीमा |
|---|---|---|
| १. | बीउ विजन, प्राङ्गारिक मल तथा खाद्य तत्व, यन्त्र उपकरण तथा मेसिनरी औजार सहयोग | कुल लागतको बढीमा पचहत्तर प्रतिशत |
| २. | सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार | कुल लागतको बढीमा पचासी प्रतिशत |
| ३. | संकलन केन्द्र निर्माण, भण्डार गृह निर्माण, प्रशोधन केन्द्र निर्माण | कुल लागतको बढीमा पचासी प्रतिशत |
| ४. | बजार प्रवर्धन सहयोग | कुल लागतको बढीमा पचासी प्रतिशत |
| ५. | उत्पादनमा आधारित प्रोत्साहन सहयोग | उत्पादनको सुरु बिक्री मूल्य (जिल्लास्तरको) को अधिकतम ५ प्रतिशतमा नबढ्ने गरी बिक्री वितरण गर्ने वा आफैंले प्रशोधन गर्ने आलुको खुद तौलको आधारमा प्रति किलोग्राम अधिकतम रु. २/- (दुई रुपैयाँ) |
| ६. | कृषक क्षमता अभिवृद्धि तालिम | प्रचलित खर्चको मापदण्ड बमोजिम कार्यालयले सञ्चालन गर्ने |
| ७. | आकस्मिक/अभियानमूलक बाली संरक्षण कार्यक्रम | कार्यालयले आवश्यकता पहिचान गरी सञ्चालन गर्ने र आवश्यक सामग्री निःशुल्क उपलब्ध गराउन सक्ने |
| ८. | आलु खेती सम्बन्धी प्रविधि प्रदर्शन | कार्यक्रम सञ्चालन गर्ने कार्यालय स्वयम्ले सञ्चालन गर्ने |

३. प्रस्ताव मूल्याङ्कनका आधारः

(क) अनुदानग्राही छनोटको लागि मूल्याङ्कनको आधारः

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अंकभार |
|---|---|---|
| **१.** | **आलु खेती हुने क्षेत्रफल** | **६०** |
| क) | बुँदा १ (ख) बमोजिमको न्यूनतम क्षेत्रफलमा उत्पादन गर्ने भएमा | ३० |
| ख) | (क) बमोजिमको क्षेत्रफल भन्दा बढी क्षेत्रफलमा खेती गर्ने भएमा ३० अंक प्रदान गरी प्रति २० प्रतिशत थप क्षेत्रफलका लागि १ अंकका दरले थप गरी अधिकतम ६० अंकसम्म प्रदान गर्ने | ६० |
| **२.** | **जग्गाको स्वामित्व** | **१०** |
| क) | आवेदकको आफ्नो वा संस्थाको हकमा सदस्यहरुको आफ्नो स्वामित्वमा रहेको जग्गा भएको | १० |
| ख) | जग्गा लिज करारमा लिई कार्यक्रम सञ्चालन गरिने | ७ |
| **३.** | **जग्गाको अवस्थिति** | **१०** |
| क) | कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा भएको | १० |
| ख) | कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा नभएको | ५ |
| | नोटः क्र.सं. ३ को प्रयोजनको लागि उत्पादन गरिने प्लट बीचको दुरी १०० मिटर भन्दा कम भएमा एउटै क्लष्टरमा भएको सम्झनुपर्छ। | |
| **४.** | **प्रशोधन/बजारीकरण योजना** | **१०** |
| क) | आफैंले प्रशोधन र बजारीकरण गर्ने | १० |
| ख) | प्रशोधन/बजारीकरणको लागि अन्य उद्योग/व्यापारीलाई बिक्री गर्ने | ५ |
| **५.** | **व्यवसायिक योजना सम्बन्धी प्रस्ताव** (उत्पादन योजना, बाली संरक्षण योजना, प्रशोधन योजना, बजार सुनिश्चितता, दिगोपना, नवीनतम सोच लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदनका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अंक प्रदान गर्ने) | **१०** |
| | **जम्मा** | **१००** |

४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः

(क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु।

(ख) समूह/सहकारी संस्थाको बैठक निर्णयको प्रतिलिपि,

(ग) प्रशोधनयोग्य आलु खेती गरिने भएमा आलुको प्रशोधन तथा मूल्य अभिवृद्धिको प्रारम्भिक योजना,

(घ) खेती गरिने यथार्थ क्षेत्रफल सम्बन्धी विवरण खुलेको प्रस्तावित क्षेत्रको जग्गाधनी पूर्जाको प्रतिलिपि र जग्गा लिजमा लिई उत्पादन गर्नेको हकमा न्यूनतम ५ वर्षको करार सम्झौताको प्रतिलिपि तथा स्थायी संरचना निर्माणको हकमा संरचना निर्माण गरिने जग्गाको न्यूनतम १० वर्षको करार सम्झौताको प्रतिलिपि।

**५. खारेजी र बचाउः** “आलु खेती प्रवर्धन कार्यक्रम संचालन मापदण्ड, २०७७” खारेज गरिएको छ। उक्त मापदण्ड बमोजिम भए गरेका कार्यहरु यसै मापदण्ड बमोजिम भएको मानिनेछ।

**६. प्रस्तावको ढाँचा**

(कार्यक्रम सञ्चालन गर्ने कार्यालयले प्रस्तावको ढाँचामा आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ।)

**क) आवेदकको संक्षिप्त परिचय**

| | |
|---|---|
| आवेदकको नाम | ठेगाना |
| कार्यक्रम सञ्चालन गर्ने स्थानको ठेगाना | प्रोपाईटर/ अध्यक्षको नाम<br>सम्पर्क नं |
| सम्पर्क व्यक्ति<br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्या |

**ख) सम्बन्धित खेती /व्यवसाय सम्बन्धी विवरण**

| क.सं. | कार्यक्रममा सहभागी हुन चाहने आवेदकको नाम | हाल उत्पादन भईरहेको क्षेत्रफल (हेक्टर/रोपनी) | हालको उत्पादन (मे.टन) | कार्यक्रम सञ्चालनबाट थप हुने क्षेत्रफल (हेक्टर/रोपनी) | थप हुने उत्पादन (मे.टन) | प्रशोधित उपजको अनुमानित उत्पादन परिमाण |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

**ग) कुल अनुमानित उत्पादन**

**घ) कार्यक्रम सञ्चालन गरिने जगगाको स्वामित्व तलका मध्ये कुन हो उल्लेख गर्नुहोस्।**

१. आवेदकको स्वामित्वमा रहेको

२. लिज करार

**ङ) तपाईले पछिल्लो दुई आ.व. मा यसै प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गर्नुभएको छ?**

(अ) छ (आ) छैन

यदि अनुदान प्राप्त गर्नुभएको छ भने विवरण उल्लेख गर्नुहोस्:

| क.सं. | अनुदान प्रदान गर्ने निकाय र आर्थिक वर्ष | कार्यक्रमको नाम | प्राप्त गरेको अनुदान रकम (रू.) | प्राप्त गरेको वस्तुगत अनुदानको विवरण (बिरुवा/मेसिनरी औजार, सामग्री आदि) |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

च) सिँचाइ व्यवस्थापन कसरी गर्नुहुन्छ?

छ) रोजगारी सिर्जनाः

ज) खेती गरिने आलुको जातः

| क.सं. | आलुको जात | आवश्यक पर्ने बीउको परिमाण |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

झ) माग गरिएको मेसिनरी औजार तथा उपकरण

| नाम | स्पेसिफिकेशन | माग संख्या |
|---|---|---|
| | | |
| | | |

ञ) क्रियाकलाप विवरण

| क.सं. | सञ्चालन हुने क्रियाकलाप | एकाई | दर | संख्या | कुल लागत | कार्यालयको अनुदान | अवेदकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

ट) व्यावसायिक योजना सम्बन्धी प्रस्तावः

- उत्पादन योजनाः
- प्रशोधन योजनाः
- बजार योजनाः
- नवीनतम सोचः
- मूल्य अभिवृद्धि सम्वन्धी योजनाः
- दिगोपनाः

ठ) अन्य विषय केही भए उल्लेख गर्नुहोस्।